# सामुदायिक विद्यालयमा अध्ययनरत दलित बालबालिकाको शैक्षिक उपलब्धीस्तर

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना
तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड्)
दोस्रो बर्षको आंशिक आवश्यकता पूरा
गर्नका लागि तयार पारिएको

**शोधपत्र**

शोधकर्ता
खगेन्द्र प्रसाद पौडेल
क्याम्पस क्रमाङ्क ७०/०६६
परीक्षा क्रमाङ्क २०४०१२१
त्रि.वि. दर्ता नं. ९-२-२१४-६२३-९९
कन्काई बहुमुखी क्याम्पस
सुरुङ्गा, झापा

२०७३

# शोधसार

नेपालमा लिच्छवी वंशको शासनकाल देखी भारतीय महाद्विपबाट जातीय प्रणालीको प्रवेश भएको पाइन्छ । प्रथम लिच्छवी राजा सुपुष्पले हिन्दु वर्णाश्रम धर्मको आधारमा हिन्दु धर्मको संरक्षण गर्ने नाममा तत्कालिन समाजलाई चारवर्णमा विभाजन गरेको पाइन्छ । जंगबहादुरले लागू गरेको १९१० को मुलुकी ऐनले पनि पानी चल्ने र नचल्ने वा छुन हुने वा नहुने जातमा वर्गीकरण गरी जातीय प्रथालाई कानुनी मान्यता प्रदान गऱ्यो । जातकै आधारमा समान अपराधमा असमान दण्ड दिने पनि कानुनी व्यवस्था गरियो ।

राष्ट्रिय दलित आयोगको स्मारिका २०६१ मा दलितलाई हिन्दु वर्णाश्रमको जाति व्यवस्था, वि.सं. १९१० को मुलुकी ऐनबाट पानी नचल्ने र छोइछिटो हाल्नु पर्ने, जातीय भेदभाव एवम् समाजमा अछुत मानिएका र सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक र धार्मिक रुपमा राष्ट्रिय मूल प्रवाहबाट पछाडी पारिएका जातजातीका समुदायलाई दलित वर्ग भनी परिभाषित गरिएको छ । यस अध्ययनका उद्देश्यहरुमा सामुदायिक विद्यालयमा अध्ययनरत प्राथमिक विद्यालय उमेरका दलित बालबालिकाहरूको शैक्षिक उपलब्धी स्तरको लेखाजोखा गर्नु, दलित अभिभावकहरुको आफ्नो बालबालिकाहरुको शिक्षाप्रतिको अवधारणा पत्ता लगाउनु, दलित विद्यार्थीहरुले विद्यालय छाड्ने, शैक्षिक प्रगति नहुनुको कारणहरुको पहिचान गरी ती समस्याहरुको निराकरणका लागि उपायहरु सिफारिस गर्नु आदि रहेका छन ।

यो अध्ययन सर्वेक्षण विधिमा आधारित रहेकाले अनुसन्धान गर्दा प्र.अ., शिक्षक र विद्यार्थीहरुसँग प्रश्नावली फारम भराइएको थियो । अध्ययनमा संख्यात्मक र गुणात्मक दुवै तथ्यांक प्रयोग गरिनुहा साथै विद्यालयको अभिलेख तथा द्वितीय स्रोतका रुपमा स्थलगत अवलोकन भ्रमणबाट पनि तथ्यांक संकलन गरिएको छ । अध्ययन क्षेत्रको जनसंख्याको रुपमा गौरादह न.पा.का सबै सामुदायिक विद्यालयहरुलाई लिइने छ । ती विद्यालयहरुमा कार्यरत शिक्षक, दलित विद्यार्थी र तीनका अभिभावकहरु उत्तरदाताको (Respondent) रुपमा लिइने र यस अध्ययन प्राथमिक तहको दलित बालबालिकाहरुको प्रमुख शैक्षिक समस्याहरुको आर्थिक, सामाजिक पक्ष एवम चेतनाको स्तरको सेरोफेरोमा केन्द्रीत रहेको छ । अध्ययनमा दलित परिवारको औषत दलित परिवार संख्या ठूलो रहेको र दलितको

छोराछोरीको पढाइको लागि घरमा अनुकूल वातावरण नभएको साथै घरमा छोराछोरीको पढाई लेखाइमा उचित मार्गनिर्देश एवं सहयोग नभएको पाइयो । दलित विद्यार्थीहरुको नियमितता नहुनु, दलित विद्यार्थीहरुको लागि आवश्यक पर्ने शैक्षिक सामग्री, पोशाक आदिको उपलब्धता कम हुनु र उपलब्ध हुँदा पनि समयमा नहुनुले शैक्षिक उपलब्धी न्यून रहेको पाइन्छ ।

यस अध्ययनमा शिक्षकहरुले दलित र गैह्रदलित विद्यार्थीहरुमाथि गर्ने व्यवहार समान रहेको पाइयो । विद्यालयमा खासै जातीय भेदभाव नभए पनि दलित विद्यार्थी बसेको समाजमा भेदभाव होलोहोचो व्यस्त छ । दलित बालबालिकाहरुको बिचैमा छाड्नेको संख्या अधिक रहेकाले बिषयगत औषत उपलब्धी न्युन हुनुका साथै दलित विद्यार्थीको परीक्षा उत्तीर्ण दर न्यून नै छ । अभिभावकहरु छोराछोरीको उत्तीर्ण र अनुत्तीर्णमा मात्र चासो राख्छन । दलित बालबालिकाहरु अनुत्तीर्ण भएपछि पढ्न छोड्ने गरेकाले पनि अध्ययनमा निरन्तरता भएको पाइदैन । यस्ता विविध समस्याहरुका बारेमा विद्यालयका शिक्षकले पनि बालबालिकाका पढाइबारे अभिभावकलाई पूर्ण जानकारी दिइएको छैन । दलित विद्यार्थी कमजोर आर्थिक अवस्थाका भएको हुँदा आर्थिक समस्या घटाउन विद्यालयबाट छात्रवृत्ति प्रदान गर्ने व्यवस्था भए पनि रकम अपर्याप्त छ साथै विद्यालयमा शिक्षण क्रियाकलाप बालमैत्री वातावरण छैन ।

# कृतज्ञता ज्ञापन

यस प्रस्तावना पत्र तयार पार्ने क्रममा जुनसुकै बेलामा मलाई बौद्धिक एवम् विषयगत रुपमा प्रस्तावना लेखनमा सल्लाह, सुझाव तथा आवश्यक निर्देशन प्रदान गर्नुहुने आदरणीय प्राध्यापक आशा शर्मा शिवाकोटी तथा श्री मोहन ओलीप्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यसरी नै यस कार्यका लागि सल्लाह सुझाव तथा प्रोत्साहन प्रदान गर्नुहुने गौरादह स्रोतकेन्द्रका स्रोतव्यक्ति हरिप्रसाद अधिकारी एवम् श्री डोरामारी उ.मा.वि.का प्र.अ. केदार ब. भण्डारी, श्री स्कूलचौन उ.मा.वि.का प्र.अ. श्री बाबुराम भण्डारी ज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

त्यसैगरी, यो प्रस्तावना पत्र तयार गर्ने कार्यमा तथ्यांक संकलन कार्यमा सहयोग पुऱ्याउनु हुने विभिन्न विद्यालयका प्रधानाध्यापक , शिक्षक, अभिभावक तथा विद्यार्थी भाइबहिनीहरुमा तथा कम्प्युटर सेटिङ्गमा सहयोग गरी दिनु हुने फोटो महल, दमक १३ प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

खगेन्द्र प्रसाद पौडेल

# विषयसूची

पृष्ठ संख्या

## परिच्छेद एक

**परिचय** **१-१०**

१.१ अध्ययनको पृष्ठभूमी १

१.२ समस्याको कथन ५

१.३ अध्ययनको औचित्य ७

१.४ अध्ययनको उद्देश्य ९

१.५ अनुसन्धानात्मक प्रश्नहरु ९

१.६ अध्ययनका परिसीमा ९

## परिच्छेद दुई

**सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका** **११-१६**

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन ११

२.१.१ मानव सम्बन्धको सिद्धान्त १४

२.१.२ उत्प्रेरणाको सिद्धान्त १५

२.२ पुनरावलोकनको उपादेयता १६

## परिच्छेद तीन

**अध्ययन विधि** **१७-१९**

३.१ अनुसन्धानात्मक ढाँचा १७

३.२ अध्ययनका लागि छनोट जनसंख्या १७

३.३ नमुना छनोट प्रकृया १७

३.४ अध्ययनका साधन १८

३.४.१ अध्ययनका प्रश्नावली १८

३.४.२ औपचारीक छलफल १८

३.४.३ विद्यालयको अभिलेख अध्ययन १८

३.५ तथ्यांक संकलन प्रक्रिया १८
३.६ तथ्यांक विश्लेषण प्रक्रिया १९

**परिच्छेद चार**

**नतिजाको व्याख्या र विश्लेषण २०-३८**

४.१ दलित बालबालिकाको शैक्षिक स्थिति २०
४.१.१ प्राथमिक तह उमेरका दलित बालबालिकाको संख्या २०
४.१.२ शै.स. २०७१ र २०७२ को दलित विद्यार्थीको भर्नाको स्थिति २१
४.१.३ शै.स. २०७१ र २०७२ को तुलनात्मक विद्यार्थी विवरण २४
४.१.४ दलित विद्यार्थीको उपस्थिति २५
४.१.८ दलित विद्यार्थीको कक्षा छाड्ने र उत्तिर्ण दर २७

४.२ दलित अभिभावकहरुको आफ्ना बालबालिकाहरुको शिक्षाप्रतिको अवधारणा २८
४.२.१ परिवारका सदस्य संख्याको अवस्था २८
४.२.२ उपलब्धताको अवस्था २९

४.३ दलित विद्यार्थीको शैक्षिक उपलब्धी ३०

४.४ दलित बालबालिकाको शिक्षाप्रतिको अवधारणा ३२

४.५ दलित विद्यार्थीको बारे सम्बन्धित प्र.अ. तथा शिक्षकबाट प्राप्त प्रतिक्रियाको अवस्था ३३
४.५.१ विद्यालयमा विद्यार्थीको नियमितता ३४
४.५.२ दलित विद्यार्थीहरु नियमित नहुने कारण ३६
४.५.३ दलित विद्यार्थीहरुको कक्षामा सहभागिता ३६
४.५.४ दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धीस्तर ३६
४.५.५ दलित विद्यार्थीहरुले गृहकार्य गर्ने स्थिति ३७

४.५.६ दलित विद्यार्थीहरुको शैक्षिक सामग्रीको उपलब्धता ३७
४.५.७ दलित विद्यार्थीसँग शिक्षकको व्यवहार ३७
४.५.८ अभिभावकको आफ्ना छोराछोरीको पढाइप्रति चासो ३७
४.५.९ दलित विद्यार्थीहरुमा छात्रवृत्तिको अवस्था ३८

**परिच्छेद पाँच**

**निष्कर्ष र सुझाव ३९-४२**

५.१ निष्कर्ष ३९

५.२ सुझावहरु ४०
५.२.१ नीतिगत तह ४०
५.२.२ कार्यान्वयन तह ४१
५.२.३ अनुसन्धान तह ४१

सन्दर्भसूची
अनुसूचीहरु

त्रि.वि.बाट सम्बन्धन प्राप्त

# कनकाई बहुमुखी क्याम्पस

कनकाई नगरपालिका, सुरुङ्गा (झापा)

स्था : २०४७

☎ ०२३-५५०१५३

Fax : ०२३-५५०८५३

Email : kanakai.campus47@gmail.com

प.सं.

च.नं.

मिति :...........................

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी खगेन्द्र प्रसाद पौडेलले **सामुदायिक विद्यालयमा अध्ययनरत दलित बालबालिकाको शैक्षिक उपलब्धिस्तर** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

| | |
|---|---|
| १. उप-प्रा. आशा शर्मा सिवाकोटी<br>विभागीय प्रमुख | ........................................ |
| २. मोहन प्रसाद ओली<br>शोध निर्देशक | ........................................ |
| ३. उप-प्रा. गणेश प्रसाद खनाल<br>बाह्य परीक्षक | ........................................ |

मिति : ९ जनवरी २०१७

त्रि.वि.बाट सम्बन्धन प्राप्त

# कनकाई बहुमुखी क्याम्पस

कनकाई नगरपालिका, सुरुङ्गा (झापा)

स्था : २०४७

☎ ०२३-५५०१५३

Fax : ०२३-५५०८५३

Email : kanakai.campus47@gmail.com

प.नं.

च.सं.

मिति :...........................

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी खगेन्द्र प्रसाद पौडेलले मेरो प्रत्यक्ष निर्देशनमा **सामुदायिक विद्यालयमा अध्ययनरत दलित बालबालिकाको शैक्षिक उपलब्धिस्तर** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

मिति : २२ डिसेम्बर २०१६

(मोहन प्रसाद ओली)

शोध निर्देशक